# खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

## वार्षिक प्रगति प्रतिवेदन २०७५/७६

बजेट उपशिर्षक नं. ३१२१९८

**परिचय**

नेपाल सरकार र आई.डी.ए. (World Bank) बीच मिति २०७५ कार्तिक २८ (14 November 2018) मा पाँच वर्षका लागि ८ जिल्ला कार्यक्षेत्र (गोरखा, धादिङ्ग, सिन्धुपाल्चोक, दोलखा, धनुषा, महोत्तरी, सप्तरी र सिराहा जिल्ला) रहने गरी कूल २८.७ मिलियन अमेरिकी डलर (जसमध्ये आई.डी.ए. को २२.७ र नेपाल सरकारको ६.७ मिलियन अमेरिकी डलर) को अनुदान सम्झौता भएको । यस आयोजनाको मूख्य उद्देश्य **लक्षित साना कृषक समुदायको कृषि उत्पादकत्वमा वृद्धि र पोषण अवस्थामा सुधार ल्याउनु** रहेको छ । यस आयोजनाबाट प्रत्येक जिल्लाका दुई वटा पालिका गरी कूल १६ पालिकामा प्रत्यक्ष ६५,००० कृषक परिवारहरु (लक्षितः भूकम्प र बाढी पिडीत, खाद्य असुरक्षित, विपन्न, सिमान्तकृत र महिला) लाभाम्वित हुनेछन । यस आयोजनाको मूख्य चार वटा सम्भागहरु रहेका छन् ।

सम्भाग कः जलवायु र पोषण अनुकूल कृषि प्रविधि अनुसरण र प्रसार (US$ ७ मिलियन)
सम्भाग खः बजारको पहुँच तथा जोखिम व्यवस्थापनबाट आय आर्जन र विविधिकरण (US$ ७ मिलियन)
सम्भाग गः पोषण सुरक्षामा सुधार (US$ ५ मिलियन)
सम्भाग घः आयोजना व्यवस्थापन, सञ्चार, अनुगमन तथा मूल्याङ्कन (US$ ३.७ मिलियन)

**आ.व. २०७५/७६ को बजेट सारांश तथा प्रगति विवरण**

- कूल वार्षिक बजेट (रु हजारमा): २९८२०० (पूँजीगत तर्फः ६९६०० र चालु तर्फः २२८६००)
- कूल वार्षिक बजेटको श्रोतः
  - आई.डी.ए. अनुदानः २५ करोड ४१ लाख
  - नेपाल सरकारः ४ करोड ४१ लाख
- तृतीय चौमासिकका लागि विनियोजित बजेट (रु हजारमा): २०५७५१
- तृतीय चौमासिक खर्च (रु हजारमा): ८१७६७
- तृतीय चौमासिक वित्तीय प्रगतिः ३९.७४
- वार्षिक वित्तीय प्रगति (प्रतिशत): २७.४२
- आयोजनाको एकमुष्ट वार्षिक भारित प्रगति (प्रतिशत): ३५.०३

यस आयोजनामा एउटा आयोजना व्यवस्थापन इकाई र चार वटा आयोजना क्लष्टर इकाईको व्यवस्था रहेको छ । आयोजनाका कार्यालय अनुसारको प्रगति सारांश (वार्षिक) देहाय अनुसार रहेको छ ।

रकम रु हजारमा

| क्र.सं | कार्यालयको नाम | विनियोजित बजेट | खर्च | खर्च/ वित्तीय प्रगति प्रतिशत | भारित प्रगति |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना व्यवस्थापन इकाई, ललितपुर | १४५९८१ | ७४६६५ | ५१.१५ | ६०.७ |
| २ | आयोजना क्लष्टर इकाई, गोरखा | ३८१११ | १७०८ | ४.४८ | ९.२५ |
| ३ | आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोक | ३८०३६ | १५५२ | ४.०८ | ८.४ |
| ४ | आयोजना क्लष्टर इकाई, धनुषा | ३८०३६ | २४१३ | ६.३४ | १६.११ |
| ५ | आयोजना क्लष्टर इकाई, सप्तरी | ३८०३६ | १४२९ | ३.७६ | ७.८७ |
| | जम्मा | २९८२०० | ८१७६७ | २७.४२ | |

- आयोजनाको एकमुष्ट प्रगति भारः ३५.०३ प्रतिशत
- आयोजनाको आ.व. २०७५/७६ को विस्तृत प्रगति विवरण अनुसुची १, २ र ३ मा रहेको छ ।

**बेरुजु सम्बन्धमा**

- बेरुजु नरहेको (आ.व. २०७५/७६ बाट आयोजना सञ्चालनमा आएको) ।

**आयोजनाको आ.व. २०७५/७६ को मूख्य उपलब्धीहरु**

- आयोजना व्यवस्थापन इकाइ तथा चार वटा क्लष्टर कार्यालयहरु स्थापना भएको ।
- आयोजनाको लागी आवश्यक गाडी, मोटरसाईकल, फर्निचर, कम्प्युटर ल्यापटप लगायतका इलेक्ट्रोनिक्स सामाग्रीहरुको खरीद ।
- आयोजनाको Project Implementation Manual (PIM) लाई अध्यावधिको अन्तिम क्रममा रहेको ।
- आयोजनाको Project Appraisal Document मा उल्लेख भए बमोजिम प्राविधिक सहायताको लागी FAO संग सम्झौता गर्ने नेपाल सरकार सचिवस्तरीय निर्णय भएको ।
- आयोजनाका लागि खरिद विशेषज्ञको को सेवा करार सम्झौता भएको ।
- वित्त विशेषज्ञको सेवा खरिदका लागी ToR तयार भएको ।
- गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधिको ड्राफ्ट तयार भएको ।
- गाउँपालिका छनौटका लागि आवश्यक प्रारम्भिक तथ्याङ्क सङ्कलन तथा जिल्लास्तरमा सम्बन्धित सरोकारवालाहरु सँग सम्भावित गाउँपालिकाहरुको बारेमा छलफल भएको ।


**आयोजनाको प्रगति अपुगका कारणहरु**

२०७५ साल कार्तिक २८ गतेका दिन नेपाल सरकार र आई.डी.ए. बीच यस आयोजना सञ्चालनका लागि अनुदान सम्झौता भएको त्यस पश्चात कर्मचारी समायोजनले गर्दा आयोजना व्यवस्थापन इकाई र क्लष्टर कार्यालयहरुमा कर्मचारी व्यवस्थापनमा ढिला भएकाले वार्षिक स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्न कठिनाई भएको साथै आर्थिक वर्षको अन्त्य तिर मात्र क्लष्टर कार्यालयहरु स्थापना भएको । आयोजनामा आवश्यक पर्ने प्राविधिक सहायताका लागि FAO संगको सम्झौता प्रकृया लम्बिन गएकाले आयोजनाको फिल्ड स्तरमा कार्यक्रम सञ्चालन गर्न कठिनाई भएको ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना व्यवस्थापन इकाई
हरिहरभवन, ललितपुर, नेपाल

<u>कार्यक्रम अवधिका केहि तस्विरहरु</u>





## अनुसुची १: आयोजनाको आ.व. २०७५/७६ को वार्षिक बजेट, निकासा र खर्च

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना व्यवस्थापन इकाई
हरिहरभवन, ललितपुर, नेपाल

रकम रु हजारमा

| क्र.सं. | कार्यालयको नाम | वार्षिक विनियोजित बजेट | | | वार्षिक पूँजिगत | | | वार्षिक चालु | | | वार्षिक कुल | | वार्षिक विनियोजनको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजिगत | जम्मा | बजेट | निकासा | खर्च | बजेट | निकासा | खर्च | निकासा | खर्च | |
| १ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना व्यवस्थापन इकाई, ललितपुर | ७९५८१ | ६६४०० | १४५९८१ | ६६४०० | ६५८४३ | ६५८४३ | ७९५८१ | ८८२२ | ८८२२ | ७४६६५ | ७४६६५ | ५१.१५ |
| २ | आयोजना कलष्टर इकाई, गोरखा | ३७३११ | ८०० | ३८१११ | ८०० | ७९५ | ७९५ | ३७३११ | ९१३ | ९१३ | १७०८ | १७०८ | ४.४८ |
| ३ | आयोजना कलष्टर इकाई, सिन्धुपाल्चोक | ३७२३६ | ८०० | ३८०३६ | ८०० | ७९३ | ७९३ | ३७२३६ | ७५९ | ७५९ | १५५२ | १५५२ | ४.०८ |
| ४ | आयोजना कलष्टर इकाई, धनुषा | ३७२३६ | ८०० | ३८०३६ | ८०० | ८०० | ८०० | ३७२३६ | १६१३ | १६१३ | २४१३ | २४१३ | ६.३४ |
| ५ | आयोजना कलष्टर इकाई, सप्तरी | ३७२३६ | ८०० | ३८०३६ | ८०० | ८०० | ८०० | ३७२३६ | ६२९ | ६२९ | १४२९ | १४२९ | ३.७६ |
| | जम्मा | २२८६०० | ६९६०० | २९८२०० | ६९६०० | ६९०३१ | ६९०३१ | २२८६०० | १२७३६ | १२७३६ | ८१७६७ | ८१७६७ | २७.४२ |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना व्यवस्थापन इकाई
हरिहरभवन, ललितपुर, नेपाल

## अनुसुची २: वित्तीय प्रगति स्थिति (वार्षिक)

| क.सं. | कार्यालयको नाम | वार्षिक बजेट रु हजारमा | प्रगति प्रतिशत | |
|---|---|---|---|---|
| | | | भारित | वित्तीय |
| १ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना व्यवस्थापन इकाई, ललितपुर | १४५९८१ | ६०.७ | ५१.२ |
| २ | आयोजना क्लष्टर इकाई, गोरखा | ३८१११ | ९.२५ | ४.५ |
| ३ | आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोक | ३८०३६ | ८.४ | ४.१ |
| ४ | आयोजना क्लष्टर इकाई, धनुषा | ३८०३६ | १६.११ | ६.३ |
| ५ | आयोजना क्लष्टर इकाई, सप्तरी | ३८०३६ | ७.८७ | ३.८ |

## अनुसुची ३: आयोजनाको एकमुष्ट प्रगति विवरण (वार्षिक)

रकम रु हजारमा

| क.सं. | कार्यालयको नाम | वार्षिक विनियोजित बजेट | लक्ष्य भार | भारित प्रगति प्रतिशत | प्रगति भार | एकमुष्ट वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|
| १ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना व्यवस्थापन इकाई, ललितपुर | १४५९८१ | ४८.९५ | ६०.७ | २९.७२ | २७.४२% |
| २ | आयोजना क्लष्टर इकाई, गोरखा | ३८१११ | १२.७८ | ९.२५ | १.१८ | |
| ३ | आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोक | ३८०३६ | १२.७६ | ८.४ | १.०७ | |
| ४ | आयोजना क्लष्टर इकाई, धनुषा | ३८०३६ | १२.७६ | १६.११ | २.०५ | |
| ५ | आयोजना क्लष्टर इकाई, सप्तरी | ३८०३६ | १२.७६ | ७.८७ | १.०० | |
| | जम्मा | २९८२०० | | | ३५.०२ | |